का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ मंसिर २०७९,
शनिबार
19 November 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २७३ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com

# तम्तयार मतदाता

मतदाताहरु आफ्नो नामावली रहेको मतदान केन्द्रतर्फ लागेका छन् । मतदानका लागि शहरबाट गाउँ फर्किनेको लर्कोले पनि  मतदाताहरु मतदानका लागि तम्तयार रहेको देखाउँछ ।



*नवलपरासी पूर्वमा रहेको कुमारवर्ती बहुमुखी क्याम्पस कावासोतीमा तारबाजीसहित मतगणनास्थल तयारी गरिदै । तस्वीरः बिष्णुप्रसाद गौडेल, रासस*



विकशित मुलुकको जस्तो निर्वाचन प्रणाली होस् भन्ने सबैको अपेक्षा अनुसारको गतिमै चुनावी वातावरण बनेको देखिन्छ । प्रजातन्त्रको अभ्यासको बाटोमा हिँडेपछि निर्वाचन प्रणालीमा सुधार आएको देखिन्छ ।

**भोजराज पोखरेल**
**पूर्वप्रमुख निर्वाचन आयुक्त**



निर्वाचन आचारसंहिता पालना गर्ने विषयमा उम्मेद्वार र पार्टीहरु सजग देखिए । जनता पनि धेरै अनुशासित रहेका छन् । पैसाको चलखेल हुने भनिए पनि देखिने गरी कतै त्यस्तो देखिएको छैन् ।

**सुशीला कार्की**
**पूर्व प्रधानन्यायाधीश**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ मंसिर ।

ट्राफिक प्रहरी महाशाखाका अनुसार काठमाडौं उपत्यकाबाट पछिल्लो २४ घण्टामा ४२ हजार ६४० जना यात्रु भित्रिंदा ५८ हजार २९४ बाहिरिएका छन् । मतदानका लागि सहरबाट गाउँ फर्किनेक्रम जारी छ ।

कोटेश्वर, कलंकी, बालाजु लगायतका क्षेत्रमा गाउँ फर्किने यात्रुहरूको चहलपहल छ । कतिपय राजनीतिक दलहरुले भोट हाल्नका लागि आफ्ना समर्थकहरूलाई गाउँ ओसार्न निःशुल्क गाडीको व्यवस्था नै गरेका छन् । ती गाडीहरुमा दलका झण्डा र चुनाव चिह्न राखिएका छन् । कार्यकर्ताले सबैको नाम ठेगाना टिपेर काठमाडौंबाट गाउँ पठाइएका छन् । गाउँ फर्किनेको लर्कोले पनि मतदाताहरु मतदानका लागि तम्तयार रहेको देखाउँछ ।

ट्राफिक प्रहरी प्रवक्ता राजेन्द्र प्रसाद भट्ट कोटेश्वर, बालाजु र कलंकी क्षेत्रमा घर फर्किन चाहनेहरुको भिड देखिएको बताउँछन् । फर्किनेको संख्या शनिवार अझ बढी हुने उनको अनुमान छ । मंसिर ४ गते हुने चुनावका लागि ३ गते मध्यरातिदेखि गाडी चलाउन नपाइने भएकाले आज र भोलि काठमाडौं उपत्यकाबाट बाहिरिनेहरुको संख्या अझ बढ्ने उनको भनाइ छ ।

विगतको तुलनामा चुनावी वातावरण शान्तिपूर्ण रहेकाले पनि मतदाताहरु उत्साही रहेको सरोकारवालाहरु बताउँछन् । शुक्रवार काठमाडौंमा आम निर्वाचन पर्यवेक्षण समितिले गरेको कार्यक्रममा सरोकारवालाहरुले निर्वाचन पूर्वको अवस्था उत्साहजनक र शान्तिपूर्ण रहेको बताएका हुन् ।

कार्यक्रममा पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीले प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा साँच्चै प्रजातन्त्रको सही प्रयोग भएको जस्तो आभास भएको बताइन् । उनले निर्वाचनमा विगतमा जस्तो सबैतिर प्रचारप्रसारका सामग्रीहरु टाँस्ने तथा प्रचारप्रसारमासमेत संयमित देखिएकाले निर्वाचन आए जस्तोसमेत नलागेको बताइन् । उनले आफूलाई एक जना भन्दाबढी उम्मेदवारले भोट नमागेको बताएकी छिन् ।

कार्कीले निर्वाचन आचारसंहिता पालना गर्ने विषयमा उम्मेद्वार र पार्टीहरु सजग देखिएको बताइन् । उनले निर्वाचन आचारसंहिता पालना गर्ने विषयमा आयोग कडा रुपमा प्रस्तुत भएको उल्लेख गर्दै कार्कीले स्थानीय तहको निर्वाचनको अनुभवले जनता धेरै अनुशासित रहेको बताइन् । उनले निर्वाचनमा प्रजातन्त्रको परिपालना भएको देखिएको बताइन् । उनले पैसाको चलखेल हुने भनिएपनि अहिले देखिने गरी कतै पनि त्यस्तो नदेखिएको बताइन् ।

पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठले निर्वाचनको अवस्था निर्वाचनभन्दा अघिसम्म शान्त र नियमित दैनिकी स्थितिमा रहेको बताए । उनले यस्तो वातावरणले निर्वाचनलाई आन्दोलित र विचलित गरिरहेको अवस्था नभएको बताएका छन् । उनले राजनीतिक पार्टीका उम्मेद्वारहरुले निर्वाचन आंचारसंहीता अनुसार मौन

– बाँकी पृष्ठ २ मा

शौचालयको प्रयोग गरौं
संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।
- जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सुरक्षाकर्मीलाई आदेशबिनै गोली चलाउने अधिकार !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २ मंसिर ।

गृह मन्त्रालयले सुरक्षाकर्मीलाई प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा विभिन्न तीन अवस्थामा आदेशबिनै गोली चलाउने अधिकार दिएको छ । आफ्नो सुरक्षा, निर्वाचनमा खटिएका कर्मचारीको सुरक्षा, मतपत्र र मतपेटिकाको सुरक्षामा खतरा उपन्न हुने अवस्था चुनावमा खटिएका सुरक्षाकर्मीलाई आदेशबिनै गोली चलाउने अधिकार दिएको गृहसचिव विनोदप्रकाश सिंहले बताए ।

'तीन अवस्थामा माथिल्लो निकायबाट आदेशबिना नै गोली चलाउन सक्ने अधिकार सरकारले दिएको छ,' उनी भन्छन्, 'आफ्नो सुरक्षा, निर्वाचनमा खटिएका कर्मचारीको सुरक्षा, मतपत्र र मतपेटिकाको सुरक्षामा खतरा उपन्न हुने अवस्थामा अर्थात् बुथ कब्जा हुने अवस्था देखिएमा फिल्डमा खटिएका सुरक्षाकर्मीले गोली चलाउन माथिल्लो निकायको आदेश नचाहिने परिपत्र भएको छ ।'

गृह मन्त्रालयमा शुक्रबार पत्रकार सम्मेलन गर्दै गृहसचिव सिंहले यसबारेमा जानकारी दिएका हुन् । त्यस्तै सरकारले चुनाव बहिष्कार गर्ने समूहलाई कारबाही गर्ने चेतावनी दिएको छ। बहिष्कारका नाममा हिंसात्मक गतिविधि देखिन थालेको भन्दै सिंहले कारबाहीको चेतावनी दिएका हुन् ।

उनका अनुसार बहिष्कार गर्ने समूह देशभर प्रहरीको निगरानीमा छन् ।



आफ्नो सुरक्षा, निर्वाचनमा खटिएका कर्मचारीको सुरक्षा, मतपत्र र मतपेटिकाको सुरक्षामा खतरा उपन्न हुने अवस्थामा अर्थात् बुथ कब्जा हुने अवस्था देखिएमा फिल्डमा खटिएका सुरक्षाकर्मीले गोली चलाउन माथिल्लो निकायको आदेश नचाहिने परिपत्र भएको छ ।

**विनोद प्रकाश सिंह**
**गृह प्रवक्ता**

यस्तै, निर्वाचन आयोगका अनुसार नेपाली सेनाको हेलिकप्टर इटहरी, बर्दिवास, पोखरा र सुर्खेतमा तयारी अवस्थामा राखिएको छ भने हवाई गस्ती समेत गरिरहेको छ । गृह मन्त्रालयका अनुसार देशभर अहिले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र म्यादी प्रहरी गरी दुई लाख ९८ हजार पाँच सय ७९ जनशक्ति परिचालित भएका छन् । मतदानस्थलको संवेदनशीलताअनुसार सुरक्षाकर्मी परिचालन गरिएको छ ।

# 'ढुक्क भएर मतदान गर्नुहोस्'

गृह मन्त्रालयका अनुसार राम्रो निर्वाचन सुरक्षा व्यवस्था छ । हिंसात्मक गतिविधिमा संलग्न व्यक्ति, समूह र सङ्गठनप्रति शून्य सहनशीलताको नीति अपनाइएको छ । सुरक्षा निकायले सूक्ष्म अनुगमन र कडा निगरानी गरिरहेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २ मंसिर ।

गृह मन्त्रालयले ढुक्क भएर मतदान गर्न आम मतदातालाई आग्रह गरेको छ । निर्वाचनको पूर्व तयारीबारे शुक्रबार पत्रकार सम्मेलन गर्दै गृह मन्त्रालयले आइतबार हुने निर्वाचनमा बिना भय मतदान गर्न भनेको हो ।

मन्त्रालयले भौतिक तथा हिंसात्मक गतिविधिमा संलग्न जोकोहीमाथि कडा निगरानी राखिएको उल्लेख गर्दै मन्त्रालयले स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन हुने विश्वास दिलाएको छ ।

पत्रकार सम्मेलनमा गृह प्रवक्ता विनोद प्रकाश सिंहले कर्मचारी, मतदाता र मतपत्रको सुरक्षामा खतरा पुर्‍याउने व्यक्ति दल/समूह र सङ्गठनमाथि कडा निगरानी राखिएको बताए । 'विगतभन्दा धेरै राम्रो निर्वाचन सुरक्षा व्यवस्था गरेका छौं । सम्पूर्ण मतदातालाई उत्साहपूर्वक मताधिकार प्रयोग गर्न अनुरोध गर्दछु' उनले भने । मन्त्रालयको सुरक्षा तयारीबारे जानकारी दिँदै उनले थपे, 'केही दिन यता

– बाँकी पृष्ठ २ मा



*शुक्रबार निर्वाचन आयोगका प्रमुख आयुक्त र आयुक्तहरुसँग प्रधानसेनापति प्रभुराम शर्मासहितको टोलीबीच भएको भेटवार्ता ।*

**वैदेशिक रोजगार विशेष**

# एक वर्षमा करिब साढे नौ लाखले लिए राहदानी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ मंसिर

प्रमुख राजनीतिक दलहरूले स्वदेशमा नै रोजगारीको अवसर सिर्जना गर्ने प्रतिबद्धता व्यक्त गरिरहेका भएपनि आम युवायुवतीलाई त्यसप्रति विश्वास देखिँदैन । राहदानी विभागले एक वर्षमा जारी गरेको राहदानीको संख्याले युवा पलायनको प्रवृत्ति व्यापक देखिन्छ ।

विभागले एक वर्षको अवधिमा ९ लाख ३३ हजार २ सय ९३ थान राहदानी वितरण गरेको छ । त्यस हिसावले मासिकरुपमा करिब ७८ हजार नेपालीले विदेश जाने उद्देश्यले राहदानी बनाएको देखिएको छ । उनीहरुमध्ये अधिकांश वैदेशिक रोजगारीमा जाने गरेका छन् ।

विभागले २०७६ असोजमा विद्युतीय राहदानीको परीक्षण उत्पादन गरी गत वर्ष मंसिरबाट विद्युतीय राहदानीको औपचारिक वितरण शुरु गरेको थियो । राहदानी विभागले एक वर्षको अवधिमा वितरण गरिएका ९ लाख ३३ हजार मध्ये विभागबाट ३ लाख ३४ हजार ५८३, जिल्ला तथा ईलाका प्रशासन कार्यालयहरूबाट ५ लाख १६ हजार ८ सय ५ र विदेशस्थित

– बाँकी पृष्ठ २ मा

## माल्टामा नेपाली समुदायले भोग्नु परेको समस्याबारे छलफल

**कुमार पौडेल/मध्यान्ह**
माल्टा, २ मंसिर

माल्टामा रहेका नेपाली समुदाय र सुरक्षा निकायबीच छलफल भएको छ । बिहीबार भएको छलफलमा माल्टामा नेपाली समुदायले भोग्नु परेका समस्याबारे माल्टा पुलिस फोर्सलाई जानकारी गराइएको छ । माल्टा सुरक्षा निकाय र नेपाली समुदायका प्रतिनिधिबीच भएको छलफलले नेपाली समुदायले भोग्नु परेका विभिन्न

– बाँकी पृष्ठ २ मा

## कोरियन भाषा परीक्षामा आठ हजार आठ सय उतीर्ण

काठमाडौं/रासस– उत्पादनमूलक क्षेत्रतर्फ दोस्रो चरणको कोरियन भाषा परीक्षाको नतिजा प्रकाशन भएको छ । गत भदौ २० देखि कात्तिक २१ गतेसम्म सञ्चालित परीक्षाको नतिजा एचआरडी कोरियाबाट प्राप्त भएको ईपीएस कोरिया शाखाले जनाएको छ ।

भाषा परीक्षामा आठ हजार सात सय ८५ जना उतीर्ण भएका छन् । सो भाषा परीक्षामा सहभागी हुन १८ हजार

– बाँकी पृष्ठ २ मा

# विजुली बेचेर ५ महिनामा १० अर्ब बढी आम्दानी

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २ मंसिर ।

नेपालले थप २३.५ मेगावाट जडित क्षमताको सोलुखोला जलविद्युत केन्द्रको विद्युत् भारत निर्यातका लागि अनुमति पाएको छ ।

नेपाल विद्युत प्राधिकरणका अनुसार भारत सरकारको विद्युत् मन्त्रालय अन्तर्गतको केन्द्रीय विद्युत् प्राधिकरणले गत २५ कात्तिकमा सोलुखोलाबाट उत्पादित विद्युत् इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आईएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्रीका लागि अनुमति दिएको हो ।

प्राधिकरणले अब ८ जलविद्युत् केन्द्रबाट उत्पादित ४०९ मेगावाट विद्युत भारतीय आईएक्सको डे-अहेड बजारमा बिक्रीका लागि अनुमति पाएको छ ।

प्राधिकरणले निजी क्षेत्रले निर्माण गरेका २९.०४ मेगावाटको लिखूखोला ए, २५ मेगावाटको काबेली बी-१,२२ मेगावाटको माईखोला, १४.९ मेगावाटको हेवाखोला ए र १० मेगावाटको तल्लो मोदी-१, ४२ मेगावाटको मिस्त्रीखोला, २४.२ मेगावाटको लिखुखोला 'ए', २३.५ मेगावाटको सोलुखोला र २२.१ मेगावाटको चिलिमेको विद्युगृहबाट उत्पादित विद्युत निर्यातको प्रस्ताव स्वीकृतिका लागि भारतको केन्द्रीय विद्युत् प्राधिकरणसमक्ष पेश गरेको थियो । त्यसमध्ये चिलिमे र सोलुखोलाको विद्युत् निर्यातका लागि अनुमति प्राप्त भएको हो ।

यसैबीच, बिजुली निर्यातबाट मुलुकले १० अर्ब ३८ करोड ९६ लाख रुपैयाँ बराबरको आम्दानी गरेको पाइएको छ ।

नेपाल विद्युत प्राधिकरणका अनुसार यस वर्षको पहिलो पाँच महिनामा गरिएको बिजुलीको निर्यातबाटै उल्लेखित आम्दानी भएको हो । देशभित्र खपत गरी अतिरिक्त भएको एक अर्ब २६ करोड २५ लाख ३८ हजार युनिट बिजुली नेपाल विद्युत् प्राधिकरणले निर्यात गरेको हो ।

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगारमा जान चाहनेहरुको लागि
तालिम खुल्यो
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर र सेक्युरिटी गार्ड
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५



# ‘आचारसंहिता कार्यान्वयनमा आयोग दण्डात्मकतर्फ’

**काठमाडौं/मस–** निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधरले प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि जारी गरिएको आचारसंहिता कार्यान्वयन गराउन आयोग दण्डात्मकतर्फ अघि बढेको बताएकी छिन् । निर्वाचनको तयारीका सम्बन्धमा शुक्रबार नुवाकोटमा अनुगमनका लागि पुगेकी आयुक्त डा. तुलाधरले आयोगमा हालसम्म आचारसंहिता उल्लङ्घनका २८ वटा उजुरी परेकामा त्यसमध्ये ११ जनालाई जरिवाना तिराएको जानकारी दिइन् । ‘आचारसंहिता उल्लङ्घनका घटनाको उजुरीमा स्पष्टीकरण सोधेर के भएको रहेछ भनेर बुझ्ने काम गरिन्छ’, उनले भनिन्, ‘चित्तबुझ्दो जवाफ नपाएमा कारबाही गरिने भएकाले यस निर्वाचनमा ११ जनालाई जरिवाना तिराउँदै निर्वाचनलाई निष्पक्ष बनाउन आयोग आचारसंहिता कार्यान्वयनमा कडा रूपमा प्रस्तुत भएको छ ।’



शुक्रबारबाट शुरु भएको स्थिर समय (मौन अवधि)मा आचारसंहिता उल्लङ्घनको घटना वृद्धि हुनसक्ने भएकाले त्यसतर्फ आयोग थप चनाखो भएको उनको भनाइ छ । आचारसंहिता उल्लङ्घनको घटना रोक्नदेखि निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउनका लागि सहयोग पुर्‍याउन आयुक्त डा. तुलाधरले सञ्चारकर्मीलाई आग्रह गरिन् ।

‘सूचनाको सही सम्प्रेषण गर्नु सञ्चारकर्मीको जिम्मेवारी हो । आचारसंहिता उल्लङ्घनका घटनाका तथ्य बाहिर ल्याउन र मतदातालाई निर्वाचनप्रति जागरुक बनाउन सञ्चारकर्मीको भूमिका महत्वपूर्ण हुन्छ’, उनले भनिन् । आयुक्त डा. तुलाधरका अनुसार गत स्थानीय तहको निर्वाचनमा ७१ प्रतिशत मत खसेको थियो । उनले यही आइतबार हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनमा ७५ प्रतिशत मतदान हुने लक्ष्य आयोगले लिएको बताइन् ।

# निर्वाचन सुरक्षाबारे प्रमुख आयुक्तसँग प्रधानसेनापतिको भेटवार्ता

**काठमाडौं/मस–** मंसिर ४ गते हुने प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनको सुरक्षा व्यवस्थापनका सन्दर्भमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासँग नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मासहितको उच्चस्तरीय टोलीले भेटवार्ता गरेको छ । आयोगको कान्तिपथस्थित कार्यालयमा भएको भेटका अवसरमा प्रधानसेनापति शर्माले निर्वाचन सुरक्षाका लागि नेपाली सेनाले गर्दै आएको काम कारबाहीबारे अवगत गराउँदै हालसम्मको स्थलगत निरीक्षण र प्राप्त सूचनाका आधारमा निर्वाचनको सुरक्षा चुस्त रहेको र निर्वाचन सुरक्षित वातावरणमा सम्पन्न गराउन सेनाका तर्फबाट खेल्नुपर्ने भूमिका निर्वाह गर्न तयार रहेको स्पष्ट गरेका थिए ।



सो अवसरमा प्रमुख आयुक्त थपलियाले निर्वाचन सुरक्षा व्यवस्थापनका लागि मतपत्र छपाइ, ढुवानी, निर्वाचन सामग्रीको जाँच तथा प्याकेजिङ कार्य तथा दुर्गम हिमाली जिल्लामा मतपत्र र मतदान सामग्री एवं खटिएका कर्मचारीसमेत पुर्‍याउन नेपाली सेनाबाट प्राप्त सहयोग महत्वपूर्ण रहेको बताए ।

सो अवसरमा निर्वाचन आयुक्त ईश्वरीप्रसाद पौड्याल, रामप्रसाद भण्डारी र सगुनशमशेर जबराको उपस्थिति रहेको थियो । उनहरूले निर्वाचनको तयारी, निर्वाचन आचारसंहिताको पालना र निर्वाचन सुरक्षाका क्रममा नेपाली सेनाबाट उल्लेखनीय सहयोग प्राप्त भएको बताएका थिए ।

# निर्वाचनको समाचार संकलनका लागि सहज वातावरण बनाउन माग

**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले निर्वाचनमा समाचार संकलन र मतगणना अपडेटका लागि सहज वातावरण बनाउन निर्वाचन आयोग र सरकारसँग माग गरेको छ । शुक्रबार एक विज्ञप्तिमार्फत निर्वाचन प्रयोजनका लागि पत्रकारले प्रयोग गर्ने सवारी साधनलाई सहज ढंगबाट चल्न दिन समेत महासंघले आग्रह गरेको छ ।

महासचिव रोशन पुरीद्वारा जारी विज्ञप्तिमा भनिएको छ,’ निर्वाचनको दिन आमसञ्चारकर्मीहरूलाई स्वतन्त्र, निर्बाध, सुरक्षित र सहजढंगबाट समाचार संकलन र सम्प्रेषण गर्ने वातावरण निर्माण गर्न तथा मतदान लगत्तै हुने मतगणनाको सहज र सरल तरिकाले समाचार संकलन गर्ने वातावरण बनाउन महासंघ निर्वाचन आयोग र सरकारसँग माग गर्दछ ।’ यस्तै निर्वाचनको क्रममा सबै खाले सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै पत्रकारको सुरक्षामा विशेष ध्यान दिन समेत महासंघ सरकारसँग आग्रह गरेको छ ।




### तम्तयार...

अवधिको राम्रो रुपमा परिपालना गरेको देखिएको बताए ।

श्रेष्ठले मौन समय भनेको मतदाताहरु निर्वाचनका न्यायाधीशहरु भएकाले आफूले पाएको सूचनाहरुको आधारमा आफ्नो विवेक प्रयोग गर्नलाई सोच्ने समय भएको बताए ।

पूर्व प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेलले प्रजातन्त्रको अभ्यासको बाटोमा हिँडेपछि निर्वाचन प्रणालीमा सुधार आएको देखिएको बताएका छन् । उनले निर्वाचन व्यवस्थापनमा सुधार,राजनीतिक दलहरूले आचारसंहिताको बाटोमा हिँडेको र कर्मचारीहरुमा जागरुकता आएको बताए । उनले विकसित मुलुकको जस्तो निर्वाचन प्रणाली होस् भन्ने सबैको अपेक्षा रहेको उल्लेख गरे ।

पूर्व प्रमुख निर्वाचन आयुक्त पोखरेलले निर्वाचन आचारसंहिता पालना गर्ने विषयमा हालसम्म कतै समस्या नआएको बताए । उनले समय अनुसार नयाँ नयाँ चुनौतीहरु थपिँदै गएको भन्दै निर्वाचनसम्बन्धी अफवाह फैलाउनसक्ने सामाजिक सञ्जालको दुरुपयोगलाई नियन्त्रण र नियमन गर्न जरुरी रहेको बताए ।

### ढुक्क...

केही हिंसात्मक गतिविधिहरू देखिएका छन् । यस्ता खालका गतिविधिमा संलग्न व्यक्ति, समूह र संगठनप्रति हामी ‘शून्य सहनशीलता’ मा छौं । हामीले सूक्ष्म अनुगमन र कडा निगरानी गरिरहेका छौं ।’

प्रवक्ता सिंहका अनुसार मतदान केन्द्र नजिक नौ सय तीन स्थानमा नेपाली सेनाको बम विस्फोटक टोली खटाइएको छ । इजाजत प्राप्त र अवैध दुई हजार २५ थान हातहतियार सङ्कलन भएको छ । चालीस वटा स्थानमा हेलिकप्टरबाट मतपत्र ढुवानी गर्ने व्यवस्था गरिएको छ ।

### एक...

नियोगहरूबाट ८१ हजार ९०५ थान विद्युतीय पासपोर्ट वितरण गरेको बताएको छ । हाल सबै ७७ जिल्ला प्रशासन कार्यालय, १७ ईलाका प्रशासन कार्यालय र ३८ वटा कूटनीतिक नियोगहरुबाट विद्युतीय राहदानी जारी गर्ने गरिएको छ ।

विद्युतीय राहदानी जारी गर्न शुरु गरिएको एक वर्षको प्रगति विवरण शुक्रबार जारी गर्दै विभागले सुधारका विभिन्न प्रयासका बाबजुद राहदानी वितरणको सेवा प्रवाहमा विचौलियाहरु अहिलेसम्म पनि अनुचित प्रवेश रहेको र समस्या सिर्जना गरिरहेको बताएको छ । विभागले सेवाग्राहीहरुलाई राहदानी छिटो बनाइदिने, एपोइन्टमेन्ट अगाडि सारिदिने जस्ता बहानामा ठगी गर्ने विचौलियाहरु रहेको भन्दै विभाग, नेपाल प्रहरी र सेवाग्राही समेतको संयुक्तरुपमा संयन्त्र परिचालन गरी विचौलियाहरुको पहिचान गरी कारबाहीका लागि प्रहरीसमक्ष पठाउने गरिएको बताएको छ ।

विभागले छिटोभन्दा छिटो राहदानी बनाइदिने भन्दै सामाजिक सञ्चालहरुमा भ्रामक सूचना सम्प्रेषित गर्ने व्यक्ति तथा साइबरहरुलाई समेत अनुसन्धान र कारबाही गर्न नेपाल प्रहरीलाई अनुरोध गर्ने गरिएको समेत बताएको छ ।

राहदानीवापत सेवाग्राहीले तिर्नुपर्ने राजस्व अनलाइनबाट समेत तिर्न सक्ने व्यवस्था मिलाएर सेवा प्रवाहमा सहजता ल्याएको बताउँदै विभागले सेवा प्रवाहमा सहजता ल्याउन मोबाइल ‘नेपाल ई-पासपोर्ट’ एपको निर्माण र सफ्टवेयरमा आवश्यक सुधार गरी अनलाइन प्रणालीलाई सेवाग्राहीमैत्री बनाउन प्रयास भइरहेको बताएको छ ।

### माल्टामा...

समस्याहरुलाई शीघ्र समाधानको लागि पहल गरिने सहमति भएको छ ।

यस्तै, माल्टाको संस्कृति, रीतिरिवाजको सम्मान गर्दै नेपाली कला संस्कृतिको उजागर गर्ने, स्थानीय नागरिकसँगको सहकार्यका साथै बढ्दो सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने लगायतका विषयमा सहमति भएको छ । यस्तै रोजगारदाता कम्पनीहरुबाट नेपालीहरु अन्यायमा परेको भए त्यस्को कानूनी उपचारका लागि माल्टा पुलिस फोर्सले सहयोग गर्ने सहमति भएको छ । यस्तै सो अवसरमा माल्टाको सवारी चालक अनुमतिपत्र नभएका नेपालीहरुले भोग्नु परेका समस्याका बारेमा पनि छलफल भएको थियो ।

एनआरएनए माल्टाका अध्यक्ष भुवन अर्यालका अनुसार आगामी डिसेम्बरमा यसबारे ‘पब्लिक अवेर्नेस प्रोग्राम’ हुने भएको छ । माल्टामा रहेका सम्पूर्ण नेपालीहरुलाई विविध जानकारी दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिन लागेके उनले मध्यान्हलाई जानकारी दिए ।

### कोरियन...

पाँच सय ९५ जनाले आवेदन दिएका थिए । आवेदन दिएकामध्ये १४ हजार ४३ जना परीक्षामा सहभागी भएका थिए । उत्पादनतर्फ पहिलो चरणको भाषा परीक्षाको नतिजा गत भदौमा सार्वजनिक भइसकेको छ । पहिलो चरणमा सात हजार एक सय ४२ जना भाषा परीक्षामा उत्तीर्ण भएका थिए ।

सन् २०२२ को उत्पादनतर्फको भाषा परीक्षा सम्पन्न भएको ईपीएस कोरिया शाखाका निर्देशक पुष्पराज कटुवालले जानकारी दिए । उत्पादनतर्फ सन् २०२३ का लागि भने केही ढिला मात्र परीक्षा सञ्चालन हुनेछ । सन् २०२२ का लागि पहिलो र दोस्रो चरणमा उत्तीर्ण भइ रोष्टरमा रहेका दुईतिहाइ व्यक्ति रोजगारीका लागि कोरिया गएपछि मात्र उत्पादनतर्फको परीक्षाको तालिका सार्वजनिक हुने उनले बताए । २०२२ मा उत्पादनतर्फ १५ हजार नौ सय २७ जना भाषा परीक्षा उत्तीर्ण भई रोष्टरमा छन् ।

सन् २०२३ का लागि कृषितर्फको भाषा परीक्षा आगामी डिसेम्बर / जनवरी महिनामा हुनेछ । सन् २०२२ का लागि कृषितर्फ उत्तीर्ण भएका तीन हजारमध्ये आधाभन्दाबढीको रोजगार सम्झौता आइसकेको छ ।

‘सन् २०२२ का लागि कृषि क्षेत्रतर्फ उत्तीर्ण भएका एक हजार ५०० जनाको रोजगार सम्झौता आइसकेको छ,’ निर्देशक कटुवालले भने, ‘बाँकीको पनि रोजगार सम्झौता आउने चरणमा छ ।’

कृषितर्फ रोष्टरमा रहेका श्रमिकको संख्या सकिन लागेकाले सन् २०२३ का लागि कृषितर्फको भाषा परीक्षा छिट्टै हुन लागेको उनको भनाइ छ । दक्षिण कोरिया नेपालीका लागि आकर्षक श्रम गन्तव्यका रुपमा रहँदै आएको छ ।

नेपाल र कोरियाबीच सन् २००८ मा रोजगार अनुमति प्रणाली (ईपीएस) सम्झौता भएको थियो । ईपीएस सम्झौता भएयता भाषा परीक्षा उत्तीर्ण गरी करिब ७७ हजार नेपाली रोजगारीका लागि कोरिया पुगेका छन् । अहिले भाषा परीक्षा उत्तीर्ण ४० हजार नेपाली कोरियामा विभिन्न क्षेत्रमा काम गरिरहेका छन् । कोरियामा ईपीएस प्रणालीबाट विदेशी कामदार भित्र्याउने सूचीमा नेपाल दोस्रो सूचीमा रहेको छ । पहिलो सूचीमा कम्बोडिया छ ।

### विजुली...

यो गत कात्तिकसम्मको विवरण हो । प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको वर्षायामको विद्युत् गत १९ जेठदेखि इन्डियन इनर्जी एक्सचेन्ज लिमिटेड (आईएक्स)को डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत बिक्री सुरु गरेको थियो । भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ (भारु)मा हुने भएकाले यस अवधिमा विद्युत् बिक्रीबाट छ अर्ब ४९ करोड ३५ लाख भारु नेपाल भित्रिएको छ । यसबाट नेपालको विदेशी मुद्रा सञ्चिति र दुई मुलुकबीचको व्यापार घाटालाई कम गर्न योगदान पुगिरहेको छ ।

सुरुमा दुई विद्युत् गृहको ३९ मेगावाट उत्पादित विद्युतलाई स्रोत मानी दैनिकरुपमा आईएक्समा बिक्री गरिएको थियो । त्यसपछि गत २७ जेठदेखि दैनिकरुपमा छ वटा जलविद्युत् गृहबाट उत्पादित विद्युत्लाई स्रोत मानी दैनिकरुपमा तीन सय ६४ मेगावाट भारतीय बजारमा प्रतिस्पर्धी दरमा बिक्री हुँदै थियो । गत १८ र ३० कात्तिकबाट क्रमशः चिलिमे र सोलुखोलाको विद्युत् निर्यात सुरु भएसँगै भारततर्फ निर्यात हुने विद्युत्को स्वीकृति क्षमता चार सय नौ मेगावाट पुगेको छ ।

खोलानालामा पानीको बहाव घट्दै गएकाले नदी प्रवाहमा आधारित जलविद्युत् केन्द्रबाट विद्युत् उत्पादन कम भएसँगै निर्यातको परिमाण पनि क्रमशः घट्दै गएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए। ’उद्योगले अहिले स्वीकृति लोडअनुसार विद्युत् नै लिएका छैनन्, यसले गर्दा देशभित्र औद्योगिक करिडोरमा विद्युत्को माग बढ्न सकिरहेको छैन, अहिलेकै अवस्थामा आन्तरिक खपत धानेर बढी भएको विद्युत् आगामी पुसको पहिलो हप्तासम्म निर्यात गर्न सकिने अनुमान गरिएको छ’, उनले भने ।

आईएक्समा २४ घण्टालाई १५/१५ मिनेटको ९६ वटा ब्लकमा विभाजन गरी बजारले तय गरेको प्रतिस्पर्धी दरमा विद्युत्को कारोबार गरिन्छ । त्यसैले हरेक ब्लकको मूल्य फरक-फरक हुने गरेको छ । प्राधिकरणले कात्तिकसम्ममा निर्यात गरेको विद्युत्को औसत दर प्रतियुनिट आठ रुपैयाँ २३ पैसा रहेको छ ।

# चुनाव बहिष्कारको पर्चा बाँड्दै हिंडेका ४ जना पक्राउ

**एस.पी.गौरब/मध्यान्ह**
सर्लाही, २ मंसिर

निर्वाचन बहिष्कार गर्दै हिँडेका ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । सर्लाहीको हरिवन नगरपालिका ११ बाट चुनाव बहिष्कारका लागि प्रचार-प्रसार सामग्री वितरण गर्दै हिँडेका ४ जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

नेकपा (बहुमत)पार्टीका कार्यकर्ता भन्दै मंसिर ४ मा हुने प्रदेश तथा प्रतिनिधि सभा सदस्यको निर्वाचन बहिष्कार गर्ने प्रचार प्रसार गर्दै हिँडेका नेकपा (बहुमत)पार्टीको नवौं महाधिवेशन आयोजक समिति सदस्य एवं सर्लाही जिल्ला इन्चार्ज सर्लाहीको बागमती नगरपालिका १२ का अन्दावी ३५ वर्षीय विचारमान थिङ, नेकपा (बहुमत)पार्टीको भातृसंगठन युवा जनस्वंयम सेवक नेपालका केन्द्रीय उपाध्यक्ष नवलपरासीको कावसोती नगरपालिका १४ का अन्दाजी वर्ष ३४ का अविनाश कुँवर, नेकपा (बहुमत)पार्टीको भातृसंगठन युवा जनस्वंयम सेवक नेपालका केन्द्रीय सदस्य बागमती नगरपालिका १२ का अन्दाजी वर्ष २९ का भरत पुलामी मगर र नेकपा (बहुमत)पार्टीको भातृसंगठन अखिल(क्रान्तिकारी)का केन्द्रीय सचिवालय सदस्य बागलुङको ताराखोला नगरपालिका २ का अन्दाजी वर्ष २४ का उपेन्द्र परियारलाई मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामबाट सदा पोसाकमा खटिएको प्रहरीको टोलीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । उनीहरु चारै जनालाई शुक्रबार दिउँसो करिब ४ बजे हरिवन नगरपालिका ११ बासाटोलस्थित इन्दु शंकर चिनी उद्योग नजिकैबाट नियन्त्रणमा लिएको र जिल्ला प्रहरी कार्यालय सर्लाहीको नियन्त्रणमा राखेर आवश्यक अनुसन्धान शुरु गरिएको प्रहरीले जनाएको छ ।

यता, बहुमत पार्टीले एक प्रेस विज्ञप्ति जारी गर्दै पक्राउ परेका आफ्नो पार्टीका नेता कार्यकर्ताहरुलाई यथाशिघ्र रिहाइको माग गरेको छ । ‘पार्टीको नवौं महाधिवेशन आयोजक समिति सदस्य एवं सर्लाही जिल्ला इन्चार्ज विचारमान थिङ, युवा जनस्वंयम सेवक नेपालका केन्द्रीय उपाध्यक्ष अविनाश कुँवर र सदस्य भरत पुलामी र अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिवालय सदस्य उपेन्द्र परियारलाई शुक्रबार सर्लाही सरकारले गिरफ्तार गरेको घटनाबाट हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । सामान्य हिँड्डुलमा रहेका उनीहरूलाई यसरी गिरफ्तार गर्नु भनेको नदुखेको टाउको कपाल तानेर दुखाउनु नै हो । दलाल पुँजीवादी राज्यसत्ता र यसको नेतृत्व गरेको सरकार नेकपा (बहुमत) बाट किन यति धेरै त्रसित भएको छ, हामीलाई थाहा छैन हामी सरकारसँग के स्पष्ट पार्न चाहन्छौं भने हाम्रो पार्टीको चुनाव अवज्ञा भनेको यो संसदीय व्यवस्थाको विरोध र वैज्ञानिक समाजवादी व्यवस्थाका पक्षमा शान्तिपूर्ण तरिकाले जनसंघर्ष गर्नु हो । यसमाथि दमन गरेर जनप्रतिरोध निम्तिएको इतिहासबाट पाठ सिक्दै गिरफ्तार गरिएका उनिहरुलाई शीघ्रातिशीघ्र रिहाइका लागि सरकारसँग जोडदार माग गर्दछौं ।’ बहुमतका प्रवक्ता सुदर्शनद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ ।

# मतगणना र मतपरिणामसम्बन्धी सूचना सहजीकरणबारे आयोगको निर्देशन

**काठमाडौं/मस–** निर्वाचन आयोगले निर्वाचनको मतगणना र मतपरिणामसम्बन्धी सूचनाको कार्यलाई सहज र प्रभावकारी बनाउन छ बुँदे निर्देशन जारी गरेको छ । सबै मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई निर्देशन दिने निर्णय गरेको आयोगले जनाएको छ ।

आयोगले प्रत्येक मतगणनास्थलमा प्रेस कर्नरको स्थापना गरी पत्रकारका लागि सूचना प्राप्तिका लागि सहज पहुँच उपलब्ध गराउन र सो कार्यका लागि सम्बन्धित निर्वाचन अधिकृत कार्यालयका सहायक निर्वाचन अधिकृत वा अन्य कुनै कर्मचारीलाई सूचना अधिकारी तोकी सूचना प्रवाहमा आवश्यक सहजीकरण गर्न भनेको छ ।

यस्तै मतगणना कार्यको सुरुवातमा एकपटक वा पालो मिलाएर भिडियो तथा फोटो पत्रकारलाई गणनास्थलको दृश्य र तस्बिर लिन सक्ने गरी आवश्यक प्रबन्ध गर्न तथा मतगणनाको प्रत्येक घण्टामा प्राप्त मत परिणामलाई मतगणनामा रहेका कर्मचारी, दल, उम्मेदवार र प्रतिनिधिले एकीन गरी सम्बन्धित मुख्य निर्वाचन अधिकृतको कार्यालयले निर्वाचन आयोगको सूचना प्रणालीमा प्रविष्ट गर्न निर्देशन दिइएको आयोगका सहायक प्रवक्ता ऋषिराम भुसालले जानकारी दिए ।


मतगणना स्थलमा राजनीतिक दल र उम्मेदवारको सहमतिका आधारमा माइकिङ वा डिस्प्ले वा अन्य माध्यमबाट मत परिणामको सूचना उपलब्ध गराउन निर्देशनमा भनिएको छ । आयोगले मतगणनाबारे आधिकारिकता पुष्टि नगरी गलत सूचना प्रवाह नगर्न नगराउन सबै सञ्चारमाध्यमलाई आग्रह पनि गरेको छ ।

# वृत्तचित्रमा न्यायको खोजी

**काठमाडौं/मस–** जलवायु परिवर्तनका कारण नेपालमा देखापरेको विकराल समस्यालाई वृत्तचित्रमार्फत पहिलोपल्ट अन्तरराष्ट्रिय मञ्चमा देखाइएको छ । नेपालका उच्च हिमाल, मध्यपहाड र तराई सबै भेगमा जलवायु परिवर्तनका असर, त्यसले महिला, बालबालिका र समग्र जनजीवनमा परेको असरबारे तयार पारिएको वृत्तचित्र ‘भ्वाइस फर जस्टिस’ इजिप्टमा जारी कोप-२७ महासम्मेलनमा देखाइएको हो । इजिप्टको शर्म अल शेखमा जारी संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धि (यूएनएफसीसीसी)का पक्ष राष्ट्रको २७औँ सम्मेलन (कोप २७) मा नेपालले हानी नोक्सानी र जलवायू न्यायका मुद्दालाई विभिन्न ढङ्गले उठाइरहेको छ ।

साही क्रममा ‘साथसाथै’ फाउण्डेसनले बनाएको यो वृत्तचित्रलाई बुधबार यूएनएफसीसीसी स्वयंले संयोजन गरेको कार्यक्रममा देखाइएको वृत्तचित्रका लेखक एवं निर्देशन वरिष्ठ पत्रकार बालकृष्ण बस्नेतले जानकारी दिए । सोही महासम्मेलनमा नेपालमा अन्य सहयोगी गैरसरकारी संस्थाले आयोजना गरेका कार्यक्रममा पनि उक्त वृत्तचित्र देखाइएको थियो ।

वृत्तचित्रमार्फत नेपालको उच्च हिमाल, पहाड, तराई, मधेशको भू-भागमा जलवायु परिवर्तनले ल्याएको हानी नोक्सानीबारे सचित्र प्रस्तुति गरिएको साथसाथैकी अध्यक्ष प्रजिता कार्कीले जानकारी दिए । यो वृत्तचित्रले नेपालमा भएको हानी नोक्सानीको क्षतिपूर्तिका लागि विश्वले ध्यान दिनुपर्ने सन्देश दिएको छ, उनको भनाइ छ ।




वृतचित्रमा सर्वोच्च शिखर सगरमाथासहितका हिमालमा हिँउ कमी भएको, बाक्लो हिमनदी पग्लिएर भएको क्षति, बाढी पहिरो, वेमौसमी वर्षाले धनजन, अन्नबालीमा पुर्‍याएको क्षति समेटिएको छ । गत वर्ष मार्च-८ मा साथसाथैले विभिन्न क्षेत्रका अगुवा ४० जना महिलालाई सगरमाथा आधारशिविर, कालापत्थरसम्मको पैदलयात्रा गराएको थियो ।

वृत्तचित्रमा त्यसको सन्देशसहित सिन्धुपाल्चोकको हेलम्बु र मेलम्ची क्षेत्रमा बाढी पहिरोको दर्दनाक दृश्य देखि डोल्पामा यसैवर्ष वर्षाले पुर्‍याएको क्षति त्यसमा समावेश छ ।

**मलेसियामा रोजगार** | कम्पनी: GOLDEN TRIANGLE SECURITY SERVICES SND BHD
शहर : MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०८/०२ | चलानी नं.: ६०१९१५१० | LT. No.: 275733

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1500 | ४१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ मंसिर १० गते (26 Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

EMINENCE
Recruitment International Pvt Ltd
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 01-4110036, 4110040, 9851164164, 9849964370
Email: info@eminencenepal.com
Web: ww.eminencenepal.com

# ‘स्वच्छ र शान्तिपूर्ण निर्वाचन हुनेमा ढुक्क छौँ’




**काठमाडौं/मस–** निर्वाचन पर्यवेक्षण संस्थाले प्रतिनिसभा र प्रदेशसभा सदस्य निर्वाचनको तयारी र व्यवस्थापनले स्वच्छ, स्वतन्त्र, मितव्ययी र भयरहित निर्वाचनको सुनिश्चितता गरेको जनाएको छ ।

आम निर्वाचन पर्यवेक्षण समिति (जियोक) नेपालले गरेको मतदानपूर्वको अध्ययन, अवलोकन र निरीक्षणबाट तयार गरिएको प्रतिवेदनमा निर्वाचनको तयारी र वातावरण विगतको भन्दा निकै सुदृढ रहेकाले स्वच्छ तथा शान्तिपूर्ण निर्वाचन हुनेमा ढुक्क हुने अवस्था रहेको उल्लेख छ । सो अवसरमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले राजनीतिक दल र उम्मेदवारले अनुशासनको दायराभित्र रही आचारसंहिताको पालना गरेकाले उपयुक्त वातावरण बनेको बताए । उनले भने, ’आचारसंहिता उल्लङ्घनका घटना भएमा स्थान विशेषमै कारवाही गर्न आयोग तयार छ, मतदातालाई पायक पर्ने स्थानमा निर्वाचन केन्द्रको व्यवस्था छ, निर्वाचनको स्वच्छताको नदीमा दुष्प्रचारको खहरे मिसाउने काम कसैबाट पनि हुनुहुन्न ।’

पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले आन्दोलन तथा विचलितको अवस्था नरहेकाले यस पटकको निर्वाचन शान्त र नियमित स्थितिमा हुने सुनिश्चित गरेको बताए । उनले भने, ’निर्वाचनको प्रचारप्रसार पनि धेरै खर्चिलो र भड्किलो भएको सुनिएको छैन, शान्त र स्वतन्त्र वातावरणमा निर्वाचन हुनेमा म विश्वस्त छु ।’

अर्का पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले निर्वाचन प्रचार प्रसारको शैलीमा भएको अनुशासित प्रगतिले लोकतन्त्र सुदृढीकरणको दिशातर्फ उन्मुख भएको सङ्केत गरेको प्रतिक्रिया दिइन् । पूर्वप्रमुख आयुक्त भोजराज पोखरेलले निर्वाचनको अहिलेसम्मको तयारी र व्यवस्थापनले निर्वाचन शान्तिपूर्णरूपमा सम्पन्न हुनेमा सुनिश्चितता प्रदान गरेको बताए । उनले भने,’ कर्मचारी ठाउँमा पुगिसकेका छन्, सुरक्षाकर्मी तयारी अवस्थामा छन्, कहीँकतै समस्या छैन, राजनीतिक दल, उम्मेदवार र मतदाता उत्साहका साथ मतदानको समय पर्खेर बसेको अवस्था छ, अहिलेको वातावरणले मतगणनासम्म निरन्तरता पाओस् भन्नेमा हामी छौँ ।’

नेपाल कानून समाजका अध्यक्ष तीर्थमान शाक्य र कार्यकारी निर्देशक कृष्णमान प्रधानले दल दर्ता, उम्मेदवार मनोनयन, चुनाव प्रचारप्रसार र स्थिरअवधिबारे संस्थाले मुलुकका ३६ जिल्लाका २६१ पालिकामा ३३१ जना प्रतिनिधिमार्फत पर्यवेक्षण कार्यक्रम सञ्चालन गर्दैआएको जानकारी दिए ।

# रौतहट कारागारका कैदीबन्दीलाई २ दिन भेट्न नपाइने




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २ मंसिर

जिल्ला कारागार रौतहटले कैदीबन्दीसँग भेटघाट दुई दिन बन्द गरेको छ । मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन सुरक्षालाई ध्यानमा राखेर कैदीबन्दीसँगको भेटघाट बन्द गरिएको गौर कारागारका निमित्त प्रमुख शम्भु प्रसाद यादवले मध्यान्हलाई जानकारी दिए ।

उनका अनुसार कारागार कार्यालयमा रहेका सुरक्षाकर्मी निर्वाचन केन्द्रित कार्यक्रममा खट्नुपर्ने भएकाले मंसिर ३ र ४ गते कैदीबन्दीहरुसँग हुने सम्पूर्ण भेटघाट पूर्ण रुपमा बन्द गरिएको हो । कारागारको सुरक्षामा खटिएका सुरक्षाकर्मी निर्वाचन केन्द्रित कार्यक्रममा खटिनुपर्ने भएकाले जनशक्ति अभावमा कैदीबन्दीसँगको भेटघाट बन्द गर्नुपरेको कार्यालयले जनाएको छ ।

# यात्रु अलपत्र पारेपछि निगमलाई स्पष्टीकरण




**काठमाडौं/मस–** नेपाल नागरिक उड्डयन प्राधिकरणले नेपाल वायुसेवा निगमलाई स्पष्टीकरण सोधेको छ । निगमले हवाइजहाजको सिट क्षमताभन्दा बढी टिकट काटेर यात्रु अलपत्र पारेपछि प्राधिकरणले स्पष्टीकरण सोधेको हो ।

यात्रु क्षमताभन्दा बढी टिकट काट्नुको कारणसहित तीन दिनभित्र स्पष्टीकरण पेश गर्न र अलपत्र परेका यात्रुलाई शनिबारभित्रै गन्तव्यमा पुऱ्याउन प्राधिकरणले शुक्रबार निगमलाई निर्देशन दिएको हो ।

निगमको मंसिर १ गतेको दुईवटा उडानमा सिट क्षमताभन्दा बढी टिकट काटिएका कारण एअरपोर्टमा पुगेका यात्रुलाई फर्काइएको थियो । टिकट काटेर एअरपोर्ट पुगेका यात्रुलाई हवाइजहाजमा सिट नगरेको भन्दै उतारेपछि निगमलाई कारबाही गर्न उनीहरूले प्राधिकरणमा उजुरी गरेका थिए ।

‘मिति २०७९ मंसिर १ गतेको उडान नम्बर आरए-२३९को काठमाडौंदेखि दोहा तथा उडान नम्बर आरए २२९ को काठमाडौं-दुबई जाने हवाइजहाजमा यात्रुलाई ओभर बुकिङको कारणले अफ लोड भएको गुनासोसहित यात्रुको निवेदन प्राधिकरणमा प्राप्त भएको छ’, प्राधिकरणले शुक्रबार निगमलाई सोधेको स्पष्टीकरणमा भनिएको छ ।’ अब उप्रान्त यस किसिमको कमि कमजोरी नगर्न पनि प्राधिकरणले निगमलाई निर्देशन दिएको छ ।

आन्तरिक उडान ठप्प

नेपाल एयरलाइन्सको आन्तरिक उडानमा रहेको ट्वीनअटर जहाजमा प्राविधिक समस्याका कारण उडान प्रभावित भएको छ । काठमाडौंबाट भोजपुर उडेको जहाजमा प्राविधिक समस्या देखिएपछि बीचबाटै फर्काइएको निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिइन् । जहाजमा १५ जना सवार थिए ।

आन्तरिक उडानमा उडानयोग्य एक मात्रै जहाजमा प्राविधिक समस्या आएपछि निगमका सम्पूर्ण आन्तरिक उडान रद्द भएका छन् । जहाज ग्राउन्डेड भएपछि शुक्रबार र शनिबार निर्धारित उडान समेत रद्द भएको छ । गन्तव्यमा जान नपाएका यात्रुको भाडा फिर्ता गरिने निगमले जनाएको छ । निगमसँग आन्तरिक उडानमा तीन थान ट्वीनअटर जहाज रहेकामा एउटा जहाज मर्मत नै गर्न नसकिने अवस्थामा छ र अर्को जहाज लामो समयदेखि प्राविधिक मर्मतमा रहेको निगमले जनाएको छ ।

साउदीमा रोजगार | कम्पनी: INDUSTRIAL PAINT FACTORY शहर: Saudi Arabia,Tabuk
पूर्व स्वीकृत मितिः २०७९/०८/०२ चलानी नं.: ६०१५१५२८ LT. No.: 275922

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १० गते (26 November 2022) मा हुनेछ ।
Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu. Tel.: 4488231, 4491316 Mob.: 9851068774, 9851035867
E-mail: skymanpower1039@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com

साउदीमा रोजगारको अवसर | कम्पनी: MANAR AL-OMRAN TRADING & INDUSTRIAL CO. शहर: Saudi
पूर्व स्वीकृत मितिः २०७९/०७/०६ चलानी नं.: ६०१५१५६३ L.T. No.: 274369 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolding Erector | 150 | 0 | स. काममा दक्ष | 1200 | ४१,६१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १० गते (26 November 2022) मा हुनेछ ।
Superb Solutions Pvt. Ltd.
कालिमाटी डोल, एयरपोर्ट, काठमाडौं
Email: info@superbsolutions.com.np, Website: www.superbsolutions.com.np

मलेसियामा रोजगार अवसर | कम्पनी: MT SECURITY SERVICES SDN BHD शहर: SELANGOR
पूर्व स्वीकृत मितिः २०७९/०८/०२ चलानी नं.: ६०१५१५२६ LT. No.:275831

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन/छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १० गते (26 November 2022) मा हुनेछ ।
लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.
Mob.:9816935532, 9851337276 Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np

कतारमा रोजगारको अवसर | कम्पनी: PANDA DELIVERY शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०७/०६ चलानी नं.: ६०१५०१०७ L.T. No.:274349 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 30 | 0 | स. काममा दक्ष | 1500 | ५३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १० गते (26 November 2022) मा हुनेछ ।
New Light International Pvt. Ltd.
Samakoshi, Kathmandu, Tel.: 97701-4380173-4384185 /9813065702/9841039034/ 9851045653/9841071786/9862013933 | Email: info.newlight1403@gmail.com

मलेसियामा रोजगारको अवसर | कम्पनी: Q&Z COSMETICS MANUFACTURING SDN BH शहर: MALAY
पूर्व स्वीकृत मितिः २०७९/०८/०२ चलानी नं.: ६०१५१५६० LT. No.: 275845

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन/छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १० गते (26 November 2022) मा हुनेछ ।
Seven Seas Intercontinental Services Pvt. Ltd.
दाई कम्प्लेक्स, गुहेश्वरी, काठमाडौं, Phone : 01-5107440
Mobile: 9801650007, 9801650001, 9801650009,
E-mail : info@smanpower.com / Web.: www.smanpower.com
Lic No.888/067/068

मलेसियामा रोजगार | कम्पनी: TOP GUARDS SECURITY & CONSULTANCY (TGS) SDN. BHD. शहर: Malaysia, Selangor
पूर्व स्वीकृत मितिः २०७९/०८/०१ चलानी नं.: ६०१५१४७८ L.T. No.: 275809

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन/छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १० गते (26 November 2022) मा हुनेछ ।
SMART OVERSEAS (P.) LTD.
Balaju-16, Basantanagar, Kathmandu, Tel.: 4352355
E-mail: smartoverseas@yahoo.com

मलेसियामा रोजगार | कम्पनी: LKL ADVANCE METALTECH SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०८/०२ चलानी नं.: ६०१५१५४२ LT. No.: 275825

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन/छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १० गते (26 November 2022) मा हुनेछ ।
रिलायन्स एच. आर. सोलुसन प्रा. लि.
पो.ब.नं. ११५२४, गोंगबु, काठमाडौं, फोन: ४३८०७६६, फ्याक्स: ४३८७५५५

Turkey मा रोजगार | कम्पनी: ASA CONSULTING RECRUITMENT शहर: Turkey
पूर्व स्वीकृत मितिः २०७९/०८/०२ चलानी नं.: ६०१५१५४३ LT. No.:275978

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | USD | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 100 | 0 | स. काममा दक्ष | 500 | ६५,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता अनुश्री मोटर ड्राइभिङ सेन्टर, काठमाडौंमा २०७९ मंसिर १० र ११ गते (26 & 27 November 2022) मा हुनेछ ।
अन्तर्वार्ता बुटाबारी वडा नं. ६, बिर्तामोड, झापामा २०७९ मंसिर १२ गते (28 November 2022) मा हुनेछ ।
अन्तर्वार्ता नयाँबजार प्रदर्शनी केन्द्र, पोखरा, कास्कीमा २०७९ मंसिर १४ गते (30 November 2022) मा हुनेछ ।
Triveni Hr Solution Pvt. Ltd.
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 4987608, 4989258, Mob.: 9818312325
Email: triveni.overseas341@gmail.com, info@trivenihr.com
Govt. Lic. No. 1174/073/074
Birtamod:- 9852644737 (Cp Pathak), 9814934046 (Prabas), 9816004333 (Nagendra Oli), Chitwan:- 9855066020 (Rajan Dhakal), Pokhara:- 9806771180 (Binod), 9824195966 (Roshan), Kathmandu:-9818465637 (ANITA), 9808051184 (Ashok), 986113194 (Pk), 9851007872 (Mahendra)

कुवेतमा रोजगारको अवसर | कम्पनी: ABRAR UNIVERSAL GROUP शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०८/०१ चलानी नं.: ६०१५१५०९ LT. No.: 275887

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Butcher | 5 | 0 | सम्बन्धित काममा दक्ष | 125 | ५२,५४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Indoor Labour | 10 | 0 | | 90 | ३८,११८ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १० गते (26 November 2022) मा हुनेछ ।
S. P. M. OVERSEAS PVT. LTD.
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel.: 4587837,4589795
Mob.: 9840998620/9810003423/9842151398
Email: spmoverseas@gmail.com, Web.: www.spmoverseas.com
Gov. Lic. No. 817/066/067

मलेसियामा रोजगार | कम्पनी: SUGIHARA GRAND INDUSTRIES SDN.BHD. शहर: SELANGOR
पूर्व स्वीकृत मितिः २०७९/०४/०१ चलानी नं.: ६०१८३३७२ LT. No.: 267322 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing | 60 | 0 | स. काममा दक्ष | 1500 | ४२,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन/छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ मंसिर १० गते (26 November 2022) मा हुनेछ ।
संयोग ओभरसिज प्रा. लि.
Email: samyogoverseas@hotmail.com, Web: www.samyogoverseas.com

मलेसियामा रोजगार | १ कम्पनी: CHUAN WENG PLASTIC SDN. BHD. शहर: Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०८/०२ चलानी नं.: ६०१५१५६४ LT. No.: 275879

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन/छ | ३ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर १० गते (26 November 2022) मा हुनेछ ।
H.M.T. Overseas Pvt. Ltd.
Govt. Lic. No 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301 | Mob.: 9803515104, 9813792179, 9816332223, 9808466028, 9852059287, 9845878321, 9869317171,

साउदीमा रोजगार | कम्पनी: ASDAA AL KHAIR GENERAL CONT.EST. शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०८/०२ चलानी नं.: ६०१५१५१५ LT. No.:275924

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload And Download Worker | 5 | 0 | | 1000 | ३४,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर ११ गते (27 November 2022) मा हुनेछ ।
Nepal Life Recrutiment Agency Pvt. Ltd.
Gaushala, Kathmandu, Nepal , Tel.: 4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com
Govt. Lic. No. 1476/074/075

कतारमा रोजगार | कम्पनी: BASCO QATAR COMPANY WLL शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७९/०८/०२ चलानी नं.: ६०१५१५६५ LT. No.:275898

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाइम | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना/बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 4 | 0 | | 1500 | ५३,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता JHAPA TECHNICAL CENTER, झापामा २०७९ मंसिर १० गते (26 November 2022) मा हुनेछ ।
अन्तर्वार्ता INTERSCAF TRAINING CENTER, काठमाडौंमा २०७९ मंसिर ११ गते (27 November 2022) मा हुनेछ ।
Mobhira Recruitment Consultancy services (P.) Ltd.
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

कथा

# ईश्वरको न्याय

दार्शनिकले पृथ्वीमा भइरहेको युद्ध र मारकाटको चर्चा गर्दै इश्वरसँग सोधेको थियो, "यो कसरी भन्न सकिन्छ कि तिमी सर्वशक्तिमान र सर्वकृपालु छौ र ? बेशक शैतानको अस्तित्व अस्वीकार गर्न सकिँदैन तर, तिमी उसलाई कुकर्म गर्न रोक्न सक्दैनौ भने तिमी सर्वशक्तिमान होइनौ र यदि रोक्न सक्छौ र रोकिरहेका छैनौ भने तिमी सर्वकृपालु छैनौ ।"



■ समरसेट मौघम

मरिसकेका ती तीन जनाको आत्माहरू ईश्वरको अगाडि न्यायको प्रतीक्षामा उभिरहेका थिए । ईश्वरले केही बेर तिनीहरूलाई ध्यान दिएनन् । साँच्चै भन्ने हो भने उनी झर्किएका र दिक्क भएका थिए । केही बेर अघि एउटा विश्वप्रशिद्ध बुढा दार्शनिकको आत्मा उनको सामुन्ने न्यायको लागि ल्याइएको थियो, त्यसले आउनासाथ भनेको थियो, "मलाई तिमीमा विश्वास छैन ।" यो कुराले ईश्वरलाई कुनै असर गर्दैनथ्यो होला । बरु जवाफमा उनी हाँसिदिन्थे होला । तर, दार्शनिकले पृथ्वीमा भइरहेको युद्ध र मारकाटको चर्चा गर्दै इश्वरसँग सोधेको थियो, "यो कसरी भन्न सकिन्छ कि तिमी सर्वशक्तिमान र सर्वकृपालु छौ र ? बेशक शैतानको अस्तित्व अस्वीकार गर्न सकिँदैन तर, तिमी उसलाई कुकर्म गर्न रोक्न सक्दैनौ भने तिमी सर्वशक्तिमान होइनौ र यदि रोक्न सक्छौ र रोकिरहेका छैनौ भने तिमी सर्वकृपालु छैनौ ।"

यो तर्क ईश्वरको लागि नयाँ थिएन, र उनले सधैँ यस कुराको विचार गर्न चाहेनन्, किनकि सर्वज्ञानी भएर पनि यस प्रश्नको जवाफ उनीसँग थिएन । दार्शनिकको भनाइअनुसार उनी ईश्वर भएर पनि दुई र दुईको जोड पाँच बनाउन सक्दैनथेँ ।

"हो, मलाई यस्तो ईश्वरमा विश्वास छैन" दार्शनिकले अन्तमा भनेको थियो, "जो सर्वशक्तिमान र सर्वकृपालु छैन ।"

ईश्वरले केही बोलेका थिएनन् ।

आखिर उनले ती तीन आत्माहरूलाई हेरे, जो कुनै आशामा अत्यन्त विनीत भावसँग उनका अगाडि उभिएका थिए । उनीहरूमध्ये एक आत्मा जानको थियो, दोस्रो मेरीको, र तेस्रो रूथको । उनीहरूले आफ्नो-आफ्नो कथा सुनाए ।

जान र मेरी पाँच वर्षदेखि विवाहित थिए र सुखद दाम्पत्य जीवन बिताइरहेका थिए । उनीहरूमा एक-आपसमा प्यार थियो । तब जानको भेट रूथसँग भयो, जो अठार वर्षकी अतीव सुन्दरी, लावण्यमयी युवती थिई । जान उसलाई देख्नासाथ उसँग मोहित भयो । रूथको मनमा पनि उसको लागि प्यार पलाउन थाल्यो । यी दुईको त्यो प्रेम साधारण प्रेम थिएन । त्यो सुझबुझ हराउने खालको प्रेम थियो । तर, केही समयपछि ती दुवै सम्मालिए र उनीहरूले समाज र त्यसका मान्यताहरूबारे सोचे । जानलाई लाग्यो कि ऊ कसरी एक मासुम केटिलाई धोका दिन सक्छ र ? र रूथले सोचिन् कि उसले किन एक विवाहित पुरुषसँग नाता गाँस्ने ? तब उनीहरूलाई यो महसुस भयो कि मेरीलाई उनीहरूको प्रेमबारे थाहा भएको छ ।

हो, मेरीलाई उनीहरूबारे थाहा भएको थियो । तब उसको मनमा आफ्नो पतिप्रतिको विश्वास र प्रेम अडिग भइरहन सकेन, र उसको मनमा इर्ष्या उब्ज्यो, जसको उसले कहिल्यै आशा गरेको थिइन, साथै उसको मनमा डर उब्जन थाल्यो कि कतै उसलाई लोग्नेले छाडोस् ? रिस उठ्न थाल्यो, किनकि उसको दिलको सम्पत्ति लुटिँदै थियो, र उसको मनमा अनौठो भोकजस्तो उब्जन थाल्यो, जसले प्रेमभन्दा बढी पीडा दिने खालको थियो । उसलाई लाग्यो कि यदि उसलाई लोग्नेले छाड्यो भने ऊ मर्नेछे । तापनि उसलाई थाहा थियो कि जानले रूथसँग जानीजानी प्रेम गरेको थिएन बरु जानको रूथसँग आफसेआफ प्रेम भएर प्रेम गरेको थियो । त्यसकारण उसको नजरमा जानको दोष थिएन । ऊ शक्तिको लागि इश्वरसँग प्रार्थना गर्थी र एकान्तमा एक्लै चुपचाप रोइरहन्थी । उसको स्वास्थ बिग्रिँदै गयो ।



जान र रूथ यो सबै हेरिरहेका थिए । उनीहरूको मनभित्र संघर्ष चलिरहेको थियो, जो लामो र पीडादायी संघर्ष थियो । कैयौं पल्ट उनीहरूको मन डावाडोल हुन्थ्यो तर, पनि उनीहरू त्यो प्रेमबाट मुख फर्काउन सक्दैनथ्ये, जुन उनीहरूको मनमा सल्किरहेको हुन्थ्यो । उनीहरूले पापसँग संघर्ष गरे र अन्तमा विजय पाए । आखिर टुक्रिएको मनकासाथ आफू निर्दोष भएकोमा गर्व गर्दै ती दुई एक अर्कादेखि छुट्टिए ।

रूथले यति हदैसम्मको प्रेम गरेकी थिई कि उसले फेरि कसैसँग प्रेम गर्न सकिन, र आफ्नो मुटु पत्थर बनाएर ईश्वरमा समर्पित भई परोपकार कार्यमा लागिन् । उसले रोगीहरूको सेवा गरिन् र गरिबको सहायता गरिन् । उसले अनाथालय खोलिन् र दीन हीनहरूको सहायता गर्ने संस्था स्थापना गरिन् । बिस्तारै बिस्तारै उनको सुन्दरता, जसबाट ऊ विमुख भएकी थिइन्, हराउँदै गयो र उसको अनुहार पनि मनजस्तै पत्थरको भयो । तब उसको धर्म अरु बढी भयानक बन्यो, किनकि त्यसको आधार प्रेम नभएर तर्क थियो । साथै ऊ पनि निरंकुश र असहनीय भई ।

यसका साथै जान पनि अन्तरमन भित्रभित्रै दुःखी भएर मृत्यु पर्खिरहेको थियो । उसको निम्ति अब बाँच्नुका कुनै अर्थ थिएन । बिजेता बन्ने प्रयत्नमा उसको हार भएको थियो । अब उसको पत्नीप्रति घृणभाव मात्र रहेको थियो, जसले उसलाई सधैँ बेचैन बनाउथ्यो । तापनि ऊ उसँग आदर र सहानुभूतिका साथ व्यवहार गर्थ्यो र उसको निम्ति एक पतिले गर्नुपर्ने सबैकुरा गर्थ्यो जो एक असल पतिको कर्तव्य हुन्थ्यो ।

मेरीले पनि एक सुशील, विश्वसनीय पत्नीको रूपमा आफ्ना पतिलाई साथ दिई । तर पनि उसले उसलाई क्षमा दिन सकिन । ऊ झर्किने र झगडालु स्वभावकी भई । ऊ पतिलाई यस्तो घोच्ने कुराहरू भन्थी जसको लागि ऊ आफैलाई पनि घृणा गर्थी । ऊ आफ्नो पतिको लागि ज्यान त्याग्न सक्थी तर, अब यस्तो सोच्न उसका लागि असह्य थियो, किनकि ऊ असह्य यातना सहिरहेकी थिई जबकि जान कसैसँग प्रेमका आनन्द लिइरहेको थियो । तर, अब उसको निम्ति मात्र होइन जान र रूथको निम्ति पनि जीवन निरस भइसकेको थियो र बितेको कुरा सकिइसकेको थियो । उनीहरूले पाप गरेका थिएनन् र पनि अब मरिसकेपछि आफ्नो कर्मको फल भोग्न प्रतीक्षामा उभिरहेका थिए ।

